# मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

३ नं. प्रदेश नेपाल ।

प.सं.

च.नं. :

मिति : २०७६/०५/०९

### नदीजन्य पदार्थको स्टक विवरण पेश गर्ने वारेको दोश्रो पटकको सार्वजनिक सुचना

मनहरी गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, वालुवा प्लान्टहरुको परिसरमा थुपारिएका नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, वालुवा, ग्रभेल आदि) मिति २०७६/०४/२७ गते वसेको स्थानीय अनुगमन समितिले स्टक प्रमाणित गरेको तर अन्य कुनै फर्म वा कम्पनीको हाताभित्र रहेको व्यावसायीक प्रयोजनका लागि थुपारिएका श्रोतहरु अझै सम्म पनि कतिपय स्थानहरुमा हाल सम्मपनि मौज्दात विवरण प्राप्त हुन नआएकाले मिति २०७६/०५/०८ गते वसेको कार्यपालिका वैठकको निर्णयानुसार सम्वन्धित आधिकारिक फर्म, कम्पनी, सप्लायर्सहरुलाई स्टक प्रमाणितका लागि सम्पर्कमा आउनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले तपशिलका कागजात सहित ३(तीन) दिन भित्र व्यावसायिक/ब्यापारिक प्रयोजनकालागि मौज्दात/डम्पिङ्ग गरीएको नदीजन्य पदार्थको किसिम, परिमाण, प्राप्तीको श्रोत तथा भण्डारण स्थान र सो स्थानको विवरण खुलाई तोकिएको समय भित्र प्रमाणित विवरण पेश गर्नुहोला ।

तोकिएको म्याद भित्र विवरण दाखिला नगरेका वेवारिसे प्रकृतिका डम्पिङ्ग जफत गरी नियमानुसार कारवाही हुने व्यहोरा समेत सम्वन्धित सवैलाई जानकारी गराईन्छ ।

तपशिल

क) फर्म, कम्पनी, सप्लायर्सको दर्ता प्रमाणपत्रको प्रतिलिपि

ख) भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ग) आ.व.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ) भण्डारण स्थलको लालपुर्जाको प्रतिलिपि ।

२०७६/५/८

(देवराज चौलागाई)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत